दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २४६ | बुटवल | २०८१ भदौ १६, गते आइतबार | नेपाल संवत ११४४ | Sunday Sept.01 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पु¥याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोन:- ०७१५४२५७१

## ‘कांग्रेस–एमाले मिलाउन व्यवसायी थापाको ठूलो योगदान’

बुटवल । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले नेपाली कांग्रेस र नेकपा एमालेबिचको गठबन्धन बनाउन व्यवसायी क्याप्टेन रामेश्वर थापाको ठूलो योगदान रहेको बताएका छन् । शनिबार क्याप्टेन थापाको पुस्तक विमोचन समारोहलाई सम्बोधन गर्ने क्रममा देउवाले उक्त विषय लुकाएर नलुक्ने पनि स्पष्ट पारे ।

गत असार १७ गते राति भएको सहमतितर्फ इंगित गर्दै देउवाले भने-‘लुकाएर लुक्ने कुरा छैन, ओलीजी र मेरोबिचमा नजिक ल्याउने काममा अहिलेको गठबन्धन बनाउने काममा पनि उनको ठूलो योगदान छ ।’

संविधान संशोधन गर्नेसहितको ७ बुँदे सहमतिमा सो दिन क्याप्टेन थापाकै घरको एउटा कोठामा हस्ताक्षर भएको थियो । उक्त विषय लुकाएर लुक्ने विषय नभएको देउवाको भनाइ छ । करिब ५ मिनेटमात्रै पोडियममा सम्बोधन गरेका देउवाले अधिकांश समय क्याप्टेन थापाकै प्रशंसामा समय बताए । उनले आफू पटक पटक क्याप्टेन थापाको हेलिकप्टर सवार गरेको, पार्टी र आफूलाई सहयोग गरेको, राजनीतिमा ठूलो योगदान रहेको प्रसंग झिके ।

पूर्वप्रधानमन्त्री समेत रहेका देउवाले क्याप्टेन थापाको विषयमा जति भनेपनि नपुग्ने समेत सम्बोधनको क्रममा बताए ।

## बिरामी बोकेको एम्बुलेन्समा आगलागी

**श्रीकृष्ण सिग्देल**
*स्याङ्जा*

वालिङबाट बिरामी लिएर पोखरा जाँदै गरेको एम्बुलेन्समा आगलागी भएको छ । सिद्धार्थ राजमार्गको वालिङ–पुतलीबजार सडकखण्डअन्तर्गत पुतलीबजार- ११ करेनडाँडामा बिरामी बोकेको एम्बुलेन्समा आगलागी भएको हो । गह्रौ प्राथामिक स्वास्थ्य केन्द्रको ग १ झ २७८ नम्बरको एम्बुलेन्समा अचानक तार सर्ट भएर आगो लागेको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रहरी नायव उपरीक्षक इन्द्रबहादुर रानाले जानकारी दिए ।

बिरामी लिएर हिँडेको एम्बुलेन्स रातको १० बजे अचानक आगलागी भएको थियो । एम्बुलेन्समा अचानक गाडीको तार सर्ट भई आगलागी भएको जानकारी पाएपछि प्रहरी टोलीसहित पुतलीबजार नगरपालिकाको दमकल घटनास्थलमा पुगेको थियो । दमकलसहितको प्रहरी टोलीले आगो नियन्त्रणमा लिइएको प्रहरी नायव उपरीक्षक रानाले बताए । आगलागीबाट एम्बुलेन्स पूर्ण क्षति भएको छ । मानवीय क्षति भने नभएको प्रहरीले जनाएको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको जनाएको छ ।

सडकको खाल्डाखुल्डीकै कारण एम्बुलेन्सको तार सर्ट भएर आगो लागेको चालकले बताएका छन् । एम्बुलेन्स ९ वर्ष अगाडि गह्रौ प्राथमिक स्वास्थ्य केन्द्रले खरिद गरेर सञ्चालन गर्दै आएको थियो । आगलागीबाट क्षती भएको एम्बुलेन्स राजमार्गमै रहेको छ । एम्बुलेन्स सडकबाट उठाउन प्रहरीले अनुमति दिए पनि बिमा कम्पनीका इञ्जिनियर आइतबार मात्रै आउने भएकाले एकदिन एम्बुलेन्स सडकमै रहने गह्रौ प्राथमिक स्वास्थ्यका सूचना अधिकारी उदयबहादुर पौड्यालले बताए । आगलागीबाट एम्बुलेन्समा रहेका सबै सामग्री नष्ट भएको उनले जानकारी दिए ।

# ह्विलचेयरबाट २ अर्बका ४ कम्पनी हाँक्दै धिरज

**२०६२/०६३ को जनआन्दोलनको जुलुस हेर्न घरको छतमा गएका बेला लडेर ढाड भाँचिएपछि १३ वर्षको उमेरदेखि ह्विलचेयरको सहारामा हिंड्डुल गर्दै आएका धिरज अग्रवालले शारीरिक अपाङ्गतालाई चुनौती दिँदै २ अर्ब बढी लगानीका दुई उद्योग र दुई व्यवसायको सफल नेतृत्व गरेका छन् ।**

**टिआर शर्मा**
*बुटवल*

‘ढुंगाको काप फोरेर पनि उम्रिन्छ पिपल’ अथवा ‘खाने मुखलाई जुंगाले छेक्दैन’ भन्ने नेपाली उखान जस्तै परासीका धिरज अग्रवाल शारीरिक रुपमा अपांगता र दश कक्षा मात्र उत्तीर्ण भए पनि कलिलो उमेरमै २ अर्ब बढी लगानीका दुई उद्योगसहित ४ कम्पनीको सफल नेतृत्व ह्विलचेयरको सहारामा गरेर समाजमा उदाहरणीय पात्र बनेका छन् ।

मध्यम परिवारका धिरजका बुबा अनिलले परासी बुद्धचोकमा २०५० सालदेखि मारुती ट्रेडर्समार्फत् सिमेन्ट र छडको खुद्रा व्यापार गरिरहेका थिए । २०६२/०६३ को जनआन्दोलनको जुलुसमा परासीमा प्रहरीले आन्दोलनकारीलाई अश्रुग्यास हानेपछि त्यो दृश्य हेर्न घरको छतमा गएका बेला लडेर धिरजको ढाड भाँचियो । त्यो बेला १३ वर्षका धिरजले ६ कक्षा पास गरेका थिए । ढाड भाँचिएपछि भारतको लखनउ र दिल्लीमा उपचार त भयो तर उनी पहिले जस्तो सग्लो भएर हिंड्न सक्ने भएनन्, उनलाई ह्विलचेयरको सहारा अनिवार्य बन्यो ।

कक्षा ६ सम्म कक्षा प्रथम हुँदै आएका धिरजले त्यसपछि कक्षा १० सम्म राम्ररी पढ्न पाएनन् । उनी उपचारका लागि कहिले चितवन,कहिले भारत धाइरहनुपथ्र्यो ।

परासीको सयपत्री बोर्डिङ् स्कूलमा पढेका धिरजले राम्ररी पढ्न नपाए पनि सन् २०१० मा डिस्टिङसन् (विशिष्ट श्रेणी) मा एसएलसी पास गरे ।

‘टाढा गएर पढ्नका लागि शारीरिक अवस्थाले अप्ठेरो हुने, परासीमा ११ र १२ कक्षाको पढाइ हुने राम्रो निजी विद्यालय नभएकाले १० कक्षा पास पछि नपढ्ने बरु बिजनेस गर्ने निधो गरें ।’-धिरजले विगत सम्झिए । खुद्रा ब्यापारमा सीमित उनको पारिवारिक व्यवसायलाई तिनै धिरजले ह्विलचेयरमा हिंडेरै २०७३ बाट थोक व्यवसाय गर्ने गरी मारुति बिजनेस कन्सर्न सुरु गरे । खुद्राबाट होलसेलमा स्तरोन्नति गरेसँगै मारुति बिजनेस कन्सर्न २०७४/०७५ र २०७५/०७६ मा दुई आर्थिक वर्ष नवलपरासीमा सबैभन्दा बढी कर तिर्ने व्यवसायिक फर्म बनेको धिरज सम्झिँछन् ।

अरुका उद्योगबाट सामान ल्याएर बेच्नुभन्दा आफैं उत्पादन गर्न सकिन्छ भन्ने सोंचले सन् २०१८ मा धिरजले एक अर्बको टेन स्टिल उद्योग स्थापना गरे । जसले फलामे पाइप उत्पादन गर्छ ।

एकपछि अर्को सफलता हासिल गर्दै अघि बढेका धिरजले २०७७ सालमा फेरि एक अर्बको लगानीमा प्लम्बिङ सामान उत्पादन गर्ने टेन प्लास्ट उद्योग सुरु गरे । सबै उद्योग र कम्पनीको नेतृत्व (अध्यक्ष) आफैंले गरे । चार वटा कम्पनीमा २ सय जनालाई रोजगारी दिएका छन् ।

नेपाल गुणस्तर चिन्ह समेत प्राप्त गरेको टेन प्लास्टका उत्पादनको ब्राण्ड एम्बासडरमा चर्चित क्रिकेटर सोमपाल कामीलाई अनुबन्ध गर्न पनि धिरजकै सोंचले काम गरेको उनी बताउँछन् ।

टेन प्लाष्टका उत्पादनहरु भारत निर्यातको समेत तयारी भइरहेको उनले बताए ।

‘१० कक्षासम्म मात्रै मेरो पढाई भएकाले सबै उद्योगको नाम टेन अर्थात् १० राखेको हुँ,’-धिरज भन्छन्-‘सकेसम्म धेरै पढ्नु राम्रो हो, तर पढाइ मात्रै सबैथोक होइन भन्ने उदाहरण दिन उद्योगमा नै टेन राखेर यिनलाई सफल बनाएको हुँ ।’

दश कक्षा मात्र पढेको युवाले दुई उद्योग र २ कम्पनी सफलतापूर्वक हाँकेर २ सयजनालाई रोजगारी दिएको आफ्नो उदाहरणले व्यवसाय वा जीवनमा सफलता हासिल गर्न मास्टर डिग्री नै गर्नुपर्छ भन्ने सोंचाइ गलत भएको धिरजको तर्क छ । ‘अझैं पनि पढाइलाई कम र धेरै देखाएर घरपरिवार र समाजमा भेदभाव गर्ने, होच्याउने परिपाटी छ, यो गलत हो ।’-धिरज भन्छन् ।




शरीरलेभन्दा दृढ इच्छाशक्ति र अरुभन्दा नयाँ भिजनले जुनसुकै काममा प्रगति र सफलता हासिल गर्न सकिने धिरज बताउँछन् ।

» बाँकी ३ पेजमा

# अस्पताल निर्माणको जनस्तरबाट निगरानी होस् : अर्थमन्त्री




बुटवल । उप-प्रधान एवं अर्थमन्त्री विष्णु पौडेलले बुटवलमा बन्न लागेको १२ सय शैयाको लुम्बिनी प्रादेशिक अस्पताल भवन निर्माणको कामको जनस्तरबाट नियमित निगरानी हुनुपर्ने बताएका छन् । अस्पताल भवन लुम्बिनी प्रदेश सरकारको गौरवको आयोजना र बुटवलकै ठूलो पूर्वाधार भएकाले निर्माण कम्पनीलाई गुणस्तरीय काम गराउन खबरदारीका लागि जनस्तरबाट निगरानी हुनुपर्नेमा अर्थमन्त्री पौडेलले जोड दिए । अस्पताल भवनको शिलान्यासपछि बोल्दै अर्थमन्त्री पौडेलले छिटो काम सक्ने नाममा गुणस्तरहीन काम हुन नदिन नागरिक समाज, मिडिया, स्थानीय र प्रदेश सरकार सबैले निगरानी बढाउनुपर्नेमा जोड दिए । उनले विकासका काममा सत्ता र प्रतिपक्ष मिलेर काम गर्ने बताए ।

‘६ अर्ब १८ करोड ७५ लाख रुपैयाँको लागतको यो अस्पताल भवन बुटवलकै ठूलो गेमचेञ्जर आयोजना हो, यसको गुणस्तरमा कुनै प्रश्न आउनुहुँदैन,’-निर्माण कम्पनीलाई इंगित गर्दै पौडेलले भने-‘छिटो काम सक्ने नाममा गुणस्तरमा सम्झौता गर्न पाइंदैन, निर्धारित समयभित्र तोकेको गुणस्तरमा कम्प्रोमाइज नगरी काम गर्नुहोला ।’

उनले अस्पतालको भवन निर्माणसँगसँगै जनशक्ति र उपकरण व्यवस्थापनको प्रकृया पनि बेलैमा थालेर भवन पूरा हुँदा पूर्ण क्षमतामा सेवा सञ्चालन पनि एक साथ गर्न सकिने गरी काम गर्न प्रदेश सरकारलाई सुझाव दिए । ‘भवन मात्र निर्माण गरेर हुँदैन, जनशक्ति व्यवस्थापनका लागि पनि ओएनएम प्रकृयासँगै थालेर भवन बनेलगत्तै सबै सेवा सञ्चालन गर्ने गरी अहिल्यैबाट काममा लाग्नुपर्छ,’ पौडेलले भने-‘यसमा प्रदेश सरकारले ध्यान दिनुपर्छ, संघीय सरकारले के सहयोग गर्नुपर्छ, त्यसको लागि तयार छ ।’

१२ सय शैयाको अस्पतालमा ठूलो संख्यामा दक्ष जनशक्ति आवश्यक पर्ने भन्दै अर्थमन्त्री पौडेलले विशेषज्ञ चिकित्सकसहित जनशक्तिको व्यवस्थापनमा मुख्य ध्यान दिनुपर्ने बताए ।

रुपन्देही क्षेत्र नम्बर २ का प्रतिनिधिसभा सदस्य समेत रहेका अर्थमन्त्री पौडेलले आफू राजनीतिभन्दा माथि उठेर सत्ता पक्ष र प्रतिपक्ष नभनी सबैसँग हातेमालो गरेर रुपन्देहीलाई विकासमा नमूना बनाउन चाहेको बताए । भवन शिलान्यासपछि अर्थमन्त्री पौडेलले लुम्बिनी प्रादेशिक अस्पतालको सेवा सुधार तथा विस्तारका बारेमा अस्पताल विकास समिति, अस्पताल प्रशासन तथा विभागीय प्रमुखहरुसँग शनिबार छलफल गरेका छन् । छलफलमा प्राप्त प्रतिक्रियाहरुपछि बोल्दै अर्थमन्त्री पौडेलले सेवा भावकासाथ आफ्नो दायित्व र जिम्मेवारी पूरा गर्न अस्पताल परिवारलाई आग्रह गरे ।

**संघीय सरकारले बजेट पठाउनुपर्छ : मुख्यमन्त्री**

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले यो अस्पताल भवनले सिंगो प्रदेशको मात्र नभएर देशकै स्वास्थ्य क्षेत्रलाई परिवर्तन गर्ने बताए । संघीय सरकारबाट गत वर्ष समानिकरण शीर्षकमा बजेट प्राप्त नहुँदा झण्डै साढे २ अर्ब बजेट दायित्व प्रदेश सरकारलाई थपिएको भन्दै संघीय सरकारले बजेट पठाउनुपर्ने उनले माग गरे ।

‘पाँचवटामध्ये चारवटा गौरवका आयोजनाको काम अघि बढेको छ । संघीय सरकारको साथ सहयोग प्रदेश सरकारलाई चाहिएको छ,’ उनले भने- ‘गत वर्षको घाटा पूर्ति गर्न संघीय सरकारले ध्यान दिनुपर्ने छ । घाटा पूर्ति भएन भने प्रदेशका गौरवका आयोजना अप्ठ्यारोमा पर्ने जोखिम रहन्छ ।’

प्रदेशमा थालनी भएका गौरवका योजनालाई प्रदेश सरकारले ध्यान दिने उनको भनाइ छ ।

» बाँकी ३ पेजमा

Vacancy Announcement!!!
Tilottama Campus Yogikuti announces a vacant post for a computer operator along with necessary skills in IT sector.

Interested candidates have to drop resume in the given address (tilottamacampus2056@gmail.com) by 29th Bhadra081. Fordetails. 9857025101, 9857073520
TILOTTAMA CAMPUS
ISO 9001:2015 Certified School

## सम्पादकीय

# कामको गुणस्तरमा ध्यान देऊ

विशिष्टिकृत अस्पतालको रुपमा विकास गर्ने गरी लुम्बिनी प्रादेशिक अस्पतालको पूर्वाधार निर्माणको काम सुरु भएको छ । अस्पतालको सुविधासम्पन्न भवन निर्माणको शनिबार उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले शिलान्यास गरेका छन् । अस्पताल भवन निर्माण भएपछि उपकरण र विशेषज्ञ डाक्टरको व्यवस्थापन गर्न सक्दा यो काठमाडौं बाहिरको महत्वपूर्ण अस्पताल हुनेछ ।

लुम्बिनी प्रादेशिक अस्पताललाई विशिष्टिकृत अस्पताल बनाउन प्रदेशको 'ड्रिम प्रोजेक्ट'को रुपमा लुम्बिनी प्रदेशका संस्थापक मुख्यमन्त्री शंकर पोखरेलले अघि सारेको आयोजना हो । प्रदेश सरकारले राप्ती प्रादेशिक अस्पताल तुलसीपुर र लुम्बिनी प्रादेशिक अस्पताल बुटवललाई विशिष्टिकृत अस्पतालको रुपमा विकास गर्न सक्दा प्रदेशको स्वास्थ्य सेवाको गुणस्तर बढाउन सकिन्छ भन्ने निष्कर्ष निकालेर योजना कार्यान्वयनमा अघि बढ्नु नेतृत्वको दुरदर्शीता हो । अहिले विशेषज्ञ सेवाको लागि काठमाडौं, भारतको गोरखपुर, लखनऊ र दिल्ली पुग्नुपर्ने बाध्यता छ । यो अस्पताल भवनको निर्माणपछि कतिपय अवस्थामा बाहेक सबै सेवा यही उपलब्ध हुनसक्यो भने नागरिकलाई ठूलो राहत हुनेछ ।  दुईपल्ट ठेक्का आव्हान भएपछि प्रक्रियागत त्रुटीले विवाद भएपछि तेस्रो पल्टको ठेक्का टुंगो लागेको हो । ६ अर्ब १८ करोड रुपैयाँमा क्याम्पासाइट-आशिष-रेलिगेरसंयुक्त कम्पनीसँग ठेक्का सम्झौता भएको छ ।  क्याम्पासाइट भारतीय प्रतिष्ठित निर्माण कम्पनी भएको र नेपाली कम्पनी आशिष र रेलिगेर पनि राम्रै कम्पनी भएकाले उनीहरुले गुणस्तरीय काम गर्छन् भन्ने विश्वास छ । यद्यपी निर्माण कम्पनीले गर्ने कामको निगरानी सरकारी संयन्त्रले चुस्त ढंगले गर्ने छ नै, नागरिक तहबाट समेत निगरानी आवश्यक छ ।

विकास आयोजना समयमा सम्पन्न हुनुपर्छ, गुणस्तरीय काम हुनुपर्छ र तोकिएको बजेट सीमामै काम हुनुपर्छ । आयोजना समयमा नसकिने प्रवृत्ति मौलाएको छ । गुणस्तर र बजेट सीमालाई पनि बेवास्ता गर्ने प्रवृत्ति उत्तिकै छ । यसले आयोजनाप्रति नागरिकको अपनत्व र विश्वास कमजोर भएको  छ । लुम्बिनी प्रादेशिक अस्पताल भवनका लागि चालु आवमा प्रदेश सरकारले १ अर्ब ८० करोड रुपैयाँ विनियोजन गरेको छ । पाँच वर्षभित्र काम सक्ने लक्ष्य भए पनि तीन वर्षभित्रै काम सक्ने योजना रहेको प्रदेश पूर्वाधार प्राधिकरणका अधिकारीहरुको भनाइ रहेको छ । समयसीमाभित्रै आयोजना पूरा नहुँदा समाजमा धेरै समस्या देखिन्छ । लुम्बिनी प्रादेशिक अस्पताल भवन तोकिएको समयसीमाभन्दा अघि नै सम्पन्न हुन सक्यो भने यसले नयाँ सन्देश दिने छ ।

# नेपालका हिमाल जोगाऔँ



पार्क थेयङ

नेपालको हिमालयले हामीलाई हेरिरहेका छन् । गत साउन ३२ गते (अगस्त १६ तारिख) का दिन कसैले अनुमान नगरेको सोलुखुम्बु जिल्लामा रहेको थ्यानबो क्षेत्रको पुछारमा रहेका हिमतालमध्ये तल्लो भेगमा रहेका दुई वटा हिमताल फुटेर आएको ठूलो बाढीले थामे गाउँमा अप्रत्याशित रूपमा विपत्ति निम्त्यायो । धन्य मान्नु पर्छ त्यस बखत बस्तीमा मानिस थिएनन् ।

त्यसैगरी गत शुक्रबार अगस्त २३ तारिखका दिनमा पुनः अर्को जिल्ला मुस्ताङको थासाङ्ग गाउँपालिकाको कोभाङ गाउँस्थित बोक्सीखोला बस्तीमाथि हिमपहिरो आयो । स्थानीय प्रशासनले त्यहाँका स्थानीयलाई अन्यत्र स्थान्तरण गरेर मानवीय क्षती हुनबाट जोगाएको व्यहोरा सबैलाई अवगतै छ । वर्षा याममा भारी वर्षाका कारणले उत्पन्न हुने बाढी तथा पहिरोले निम्त्याउने विपत्तिका बारेमा थोरै कल्पना गरिए तापनि हजारौं वर्ष अगाडि निर्माण भएका हिमताल फुट्ने तथा मानवीय क्षति गराउने अवस्थालाई साधारण रूपमा लिन सकिँदैन ।

पर्वतीय विकास केन्द्र इसिमोडलगायतको अध्ययन अनुसार हिन्दुकुश हिमालय क्षेत्रमध्ये नेपाल, भारत र चीनको तिब्बतमा रहेका तीन हजार ६२४ हिमतालमध्ये ४७ वटा हिमताल विस्फोटको उच्च जोखिममा रहेको देखाएको छ । जोखिममा रहेका भनिएका मध्ये तिब्बतमा २५, नेपालमा २१ र भारतमा एउटा हिमताल रहेको छ । पछिल्ला केही वर्षयता हिमाली भेगको जीवनयापनमा समेत सङ्कटको अवस्था आइरहेको अध्ययन प्रतिवेदनका बिच सोलुखुम्बुमा रहेको हिमताल विस्फोट हुँदा आएको बाढीले विद्यालयका संरचना र अन्य भौतिक संरचनामा क्षती गरेको छ । भविष्यमा हुन सक्ने अन्य घटनाबाट क्षति न्यूनीकरणतर्फ सबैको ध्यान जानु जरुरी छ ।

हिमताल फुट्ने, हिम पहिरो आउने घटनालाई प्राकृतिक प्रकोपका रूपमा हेरिने भए पनि, ग्लोबल वार्मिङका कारण उत्पन्न हुने अकल्पनीय परिस्थितिका रूपमा पनि परिभाषित गर्न सकिन्छ । विश्वका मानवले विकासको नाममा गरेका सामूहिक गैरजिम्मेवारीका कारण मानव निर्मित प्रकोप बढ्दै गएको अवस्था छ र उचित व्यवस्थापनतर्फ सबैको ध्यान जानु जरुरी छ । हाल पृथ्वीमा जलवायु परिवर्तनका कारण हुने प्रकोप तथा अन्य प्राकृतिक प्रकोपबाट मुक्त रहेको देश छैन । नेपालको परिवेशमा जलवायु परिवर्तनका कारण धेरै ठुलो प्रकोपको सामना गरिरहेको अवस्था छ । भविष्यमा पनि जलवायु परिवर्तनबाट हुने क्षति कम गर्नका लागि तयारीका साथ अगाडि बढ्नु पर्ने देखिन्छ । नेपाल हिमाल, पहाड र तराई जस्तो भौगोलिक विविधता भएको मुलुक हो र फरक उचाइका कारण विभिन्न हावापानीको अनुभव गर्न पाइन्छ ।

गहिरो अरुण उपत्यकादेखि सर्वोच्च शिखर सगरमाथा यहीँ अवस्थित छ । यसको मतलब नेपालले विभिन्न स्वरूपमा जलवायु परिवर्तनबाट प्रभावित भइरहेको छ । नेपालको तराई भूभागमा पानीको अभाव र तातो मौसम दिन प्रतिदिन गम्भीर बन्दै गएको छ र पर्वतीय क्षेत्रमा रहेको जैविक विविधतामा जलवायु परिवर्तनले ठूलो असर गर्ने सम्भावना रहन्छ । जलवायु परिवर्तनका कारण हिमालयमा हिउँ पग्लिरहेको, समुद्री सतह बढिरहेको र अन्य प्रभावको सामना गर्नका लागि कुनै एउटा मुलुक मात्र नभएर समग्रमा सबैको सामूहिक प्रयास महत्वपूर्ण हुन्छ । तापक्रम वृद्धिका कारण हिमरेखा अझ माथि माथि सर्दै गइरहनुका साथै नेपालका हिमनदी पग्लने क्रममा तीव्रता आएको छ । जलवायु परिवर्तनका कारण अतिवृष्टि, अनावृष्टि र खडेरीले गर्दा कृषि उत्पादनमा ह्रास आएको छ र कृषिमा निर्भर नेपाली जनता यसको मारमा परेका छन् ।

गत वर्ष नोभेम्बर ३० तारिखबाट डिसेम्बर १२ सम्म दुबईमा सम्पन्न संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन सम्मेलनमा हिमाली देशमा जलवायु परिवर्तनको असरलाई उजागर गर्ने एउटा महत्वपूर्ण अवसर मिलेको थियो । जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि (युएनएफसिसिसी) का पक्षराष्ट्रहरूको २८औँ सम्मेलन (कोप-२८) मा नेपालले हिमालय क्षेत्रमा जलवायु परिवर्तनले पारेको असरबारे उच्च तहमै छलफल गरेर समस्या न्यूनीकरणका लागि सबैको साथ खोजेको थियो । उक्त सम्मेलनमा संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टोनियो गुटेरेसले पनि भाग लिएका थिए ।

युएईमा (कोप-२८) सम्मेलन सुरु हुनुअगावै नेपालको स्थलगत भ्रमण गरेका महासचिव गुटेर्रेसले जलवायु परिवर्तनका कारण हिउँ पग्लिएर स्थानीय जनताले भोगिरहेका समस्याको बारेमा जानकारी लिएका थिए । गुटेर्रेसले कोप-२८ का दौरान आफूले नेपालको सगरमाथा आधार शिविर गएर देखेको दृश्यको वर्णन पनि गरेका थिए । साथै, सम्मेलनमा नेपाल सरकारले छलफलका क्रममा अन्य मुलुकका कारणले गर्दा नेपाल जलवायु परिवर्तनको चपेटामा परेको र नेपाललाई हानि र नोक्सानी कोषमा प्राथमिकता पाउनु पर्ने दाबी गरेर नेपालको जायज माग विश्वसामु पेस भएको सकारात्मक पहल स्मरण गराउन चाहन्छु । सो अवसरलाई नेपालले हिमाली क्षेत्रमा जलवायु परिवर्तनको असरबारे छलफलको नेतृत्व गरेर विश्वलाई भरपर्दो र सार्थक सन्देश दिएको क्षणका रूपमा लिन सकिन्छ ।

मैले नेपाल सरकारका उच्च तहका कर्मचारी, राजनीतिक नेतासँगको भेटघाटका बेलामा जलवायु परिवर्तनको असर र त्यसको सामना गर्नुपर्ने अवस्थाका बारेमा गम्भीरतापूर्वक छलफल गर्ने गरेको छु । नेपालले वायु प्रदूषणको कारक कार्बन उत्सर्जनको हिस्सा ०.०२७ प्रतिशत जति मात्र भएको र जुन प्रमुख औद्योगिक मुलुकको तुलनामा मात्र होइन उदीयमान अर्थतन्त्रका रूपमा चिनिएका छिमेकी मुलुक भारत तथा चीनभन्दा हजारौँ गुणा कम हो तर विकसित मुलुकका कारण उत्सर्जित कार्बनको प्रभाव नेपाललगायतका मुलुकमा नै अत्यधिक भएको अवस्थालाई चिन्ताजनक रूपमा लिनु पर्छ ।

हामीले दैनिक प्रयोग गर्ने वस्तु वातावरण मैत्री उपयुक्त सामग्री प्रयोगमा जोड दिनु पर्छ । हाम्रो जीवन शैली, उपभोगको तरिकामार्फत् जलवायु परिवर्तनलाई केही हदसम्म न्यूनीकरण गर्न सक्छौँ । ८० प्रतिशत विश्वको तापमान बढाउन जैविक इन्धनको प्रयोगलाई लिइएको छ । यसको नियन्त्रणबिना तापमान घटाउन मुस्किल छ ।

वातावरणमैत्री सामानको प्रयोगले इन्धनको प्रयोग घटाउन सकिन्छ, परम्परागत पर्यावरणमैत्री जीवनशैलीलाई पुनः सुचारु गर्न सकिन्छ, फोहोर व्यवस्थापन गर्ने तरिका परिवर्तन गर्न सकिन्छ । उदाहरणका लागि म सउलमा बस्दा हरेक सप्तान्तमा मेरो महत्वपूर्ण दैनिकी मध्ये हप्ता दिनमा घरबाट निस्किएको फोहोरको वर्गीकरण गर्ने कार्य हुन्थ्यो । कागज, प्लास्टिक, प्लास्टिकका झोला, सिसाका बोतल, आल्मुनियमका क्यान, खाना छुट्टाछुट्टै जम्मा गरेर फोहोर व्यवस्थापन कार्बन उत्सर्जन घटाउन सक्ने उत्पादन विधि तथा उपयुक्त व्यवस्थापनमार्फत् जलवायु परिवर्तनको समाधानमा थोरै योगदान गर्न सकिन्छ । व्यक्तिले गर्ने ससाना देखिने व्यवहार तथा उद्योगबाट निस्कने ठूला प्रदूषण आदिका कारण जलवायु परिवर्तन तथा तापक्रम वृद्धिमा उल्लेख्य भूमिका खेलेको छ । सबैको संयुक्त प्रयासबिना जलवायु परिवर्तका असर न्यूनीकरण गर्न सम्भव हुँदैन भन्ने बुझाइ छ । व्यक्तिगत र संस्थागत स्तरमा वातावरणमैत्री परिवर्तन ल्याउन व्यक्तिगत स्तरमा सचेतना जगाउनु जरुरी छ ।

त्यसै गरी सरकारी तवरबाट नीतिगत रूपमै प्रोत्साहानलगायतका विषय समावेश हुनुपर्ने देखिन्छ । नेपाल सरकारले डिजेल, पेट्रोललगायत इन्धनबाट चल्ने सवारीसाधन भन्दा विधुतीय सवारीसाधनलाई कर छुट दिने नीतिलाई वातावरणमैत्री नीतिका रूपमा लिन सकिन्छ ।

त्यसैगरी सरकारी स्तरबाट ऊर्जा, यातायात, उद्योग, र आवासलगायत सबै क्षेत्रलाई एकमुष्ठ रूपमा जलवायु परिवर्तनसँग सामना गर्ने वातावरणमैत्री नीति तर्जुमा गर्न ढिला गर्नु हुँदैन । नेपाल सरकारले सन् २०४५ सम्म कार्बन उत्सर्जन शून्यमा पुर्‍याउने राष्ट्रिय लक्ष्य लिएर अगाडि बढेको बारेमा जानकारी रहेको छ । गणतन्त्र कोरियाली सरकार नेपाल सरकारको उक्त लक्ष प्राप्तिमा साथ दिन तयार छ । नेपाल सरकारले बृहत् नीतिलाई व्यवस्थित गर्दै सरकारी संरचनाबिचमा समन्वयात्मक भूमिका खेल्दै आएको छ । धेरै देशमा, जलवायु परिवर्तनसम्बन्धी नीति एउटा मन्त्रालय वा विभागबाट लागु गर्न असहज भएकाले छुट्टै सरकारी उच्च आयोगको गठन गरेर जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि भूमिका खेलिरहेका उदाहरण छन् ।

जलवायु परिवर्तन विश्वव्यापी समस्या हो र यसको समाधान पनि विश्वव्यापी रूपमै हुनु पर्छ । जलवायु परिवर्तका कारण उत्पन्न हुने असरको न्यूनीकरण गर्नका लागि अन्तर्राष्ट्रिय सहयोगले महत्वपूर्ण भूमिका खेल्छ । अन्तर्राष्ट्रिय सहयोगको माध्यमबाट कोरिया सरकारले नेपाललगायत विकासोन्मुख देशलाई प्राथमिकतामा आधारित समन्वयकारी भूमिका खेल्दै जाने योजना बनाएको छ । जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि बहुपक्षीय र द्विपक्षीय सहयोग समानान्तर रूपमा अघि बढिरहेको छ । कोरिया सरकारले नेपालमा वातावरणमैत्री परियोजनामा साझेदारी कार्यक्रमअन्तर्गत कोरिया एक्जिम बैङ्क र जिजिजिआइको साझेदारीमा नेपालमा नै पहिलो पटक स्वचालित मेसिनबाट वातावरणमैत्री इट्टा उत्पादन सुरु भएको छ ।

गोरखाको पालुङ्टारमा कोरियन कम्पनी इन्नोसिएसआरको सहयोगमा गोर्खा इन्नोटेक कम्पनीले पहिलो पटक स्वचालित मेसिनबाट वातावरणमैत्री इट्टा उत्पादन सुरु गरेको हो । त्यसै गरी कोरिया सरकारले जलवायु परिवर्तनका कारण समस्या भोगिरहेको तराई क्षेत्रमा वातारणमैत्री कृषि उत्पादनमा साझेदारी गर्नुका साथै पोखरा महानगरपालिकासँगको साझेदारीमा फोहोर व्यवस्थापनमा पनि सहकार्य गरिरहेका छौँ । हामी नेपालको वास्तविक आवश्यकतामा आधारित साझेदारी कार्यक्रमलाई निरन्तरता दिँदै जाने योजनाअनुसार अगाडि बढिरहेका छौँ । नेपालको पर्यावरणमैत्री स्वच्छ ऊर्जा जलविद्युत् विकासमा पनि साझेदारी गरिरहेका छौँ । नेपालमा हालसम्म तीन वटा विद्युतीय परियोजनामा लगानी गरेका छौँ । नेपालमा स्वच्छ ऊर्जा उत्पादनमा साझेदारी कार्यक्रमलाई विस्तार गर्दै जाने हाम्रो योजना रहेको छ ।

यस वर्ष कूटनीतिक सम्बन्ध स्थापना भएको ५०औँ वार्षिकोत्सवको उपलक्ष्यमा गणतन्त्र कोरियाली दूतावास र नेपालको वन तथा वातावरण मन्त्रालयको संयुक्त आयोजनामा यही अगस्त २२ तारिख (भदौ ६ गते) कोरिया-नेपाल जलवायु परिवर्तन सहकार्य गोष्ठी आयोजना गरेका छौँ । उक्त सेमिनारमा प्रमुख अतिथिका रूपमा वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही ठकुरीले सहभागिता जनाउनुभएको थियो । जलवायु परिवर्तनका असर न्यूनीकरण सम्बन्धित कार्यक्रममार्फत् कोरिया सरकारले नेपालको वन तथा वातावरण मन्त्रालयसँग समन्वय गर्दै समस्या न्यूनीकरणका लागि संयुक्त पहल गर्दै जाने प्रतिबद्धता जनाएको छ । कोरिया सरकारले दुई देशबिच जलवायु परिवर्तनको क्षेत्रमा सहयोग विस्तार गर्न जलवायु परिवर्तन सहयोगसम्बन्धी सम्झौता गर्ने तयारीका साथ काम गरिरहेको छ । निकट भविष्यमा उक्त सम्झौता निष्कर्षमा पुग्ने छ । हामी जलवायु परिवर्तनका क्षेत्रमा नेपाल सरकारसँग साझेदारी गर्नका लागि सदा तयार छौँ ।

अन्त्यमा कोरिया सरकार नेपालमा जलवायु परिवर्तनबाट हुने असर न्यूनीकरण गर्नका लागि व्यक्तिगत, संस्थागत तथा सरकारी तहमा थप साझेदारी गर्दै जाने छ । त्यसै गरी अन्तर्राष्ट्रिय सहयोगमार्फत् जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि हातेमालो गर्दै जाने छौँ । नेपाल सरकारले संयुक्त राष्ट्रसङ्घका स्थायी नियोगको उपस्थितिलाई अझ सशक्तीकरण गर्नुपर्ने देखिन्छ । अन्तर्राष्ट्रिय समुदायसँग जलवायु परिवर्तनका कारण नेपालले भोगिरहेको असर न्यूनीकरणका लागि निरन्तर आवाज उठाउनुपर्ने देखिन्छ । जलवायु परिवर्तनसँग जुध्न नेपालले गरेको प्रयासलाई हिमालय पर्वतहरूले हेरिरहेका छन् । हामी आवाज विहीन हिमालयको संरक्षणका लागि सदा तपाईंहरूको साथमा रहने छौँ ।

(लेखक नेपालका लागि गणतन्त्र दक्षिण कोरियाका राजदूत हुनुहुन्छ । )

# मिसोफोनिया कस्तो समस्या हो, के छ उपचार ?

डा. ओमप्रकाश यादव



ढोका खोल्दा वा बन्द गर्दा, चर्को स्वरमा कुरा गर्दा, सवारीसाधन गुड्दा वा सुतेको बेला कसैले घुर्दा आउने आवाज धेरैका लागि सामान्य लाग्छ । तर हामीमध्ये केहीलाई यी आवाजले तनाव दिन्छ । झर्को लगाउँछ, रिस उठ्छ । एकछिन पागल झैं बनाउँछ । न प्रभावित व्यक्तिलाई किन यस्तो भएको थाहा हुन्छ न त उसको समस्या अन्य कसैलाई पत्तो हुन्छ ।

यस्तो समस्यालाई विज्ञले मिसोफोनिया वा सेलेक्टिभ साउन्ड सेन्सिभिटी सिन्ड्रोम नाम दिएका छन् ।

**मिसोफोनिया कस्तो समस्या ?**

यो एक मनोरोग हो । जुन भावनात्मक कारणले गर्दा कुनै आवाजलाई सहन कठिन हुन जान्छ । यो समस्या हुँदा सबै आवाजले नभई केही आवाज कानमा पुगेपछि भावनात्मक वा शारीरिक प्रतिक्रियामा असर पुग्छ । यस्तो आवाजले रिस उठाउने वा डराउने बनाउन सक्छ । कहिलेकाहीं अन्य असामान्य प्रतिक्रिया समेत देखिन्छ ।

**कस्तो हुन सक्छन् ती आवाज ?**

घडीको सुईको टिकटिक, पन्छी वा जनावर कराउनु, कसैको हिंड्दा पाइलाको आवाज, खाना चपाउँदा आउने आवाज, दुईटा भाँडा घोटिंदा, मोटर गाडी वा ठूला मेसिन लगायत जुनसुकै आवाज हुनसक्छ ।

**यो समस्या किन हुन्छ ?**

यो समस्याको ठोस कारण अहिलेसम्म पत्ता लागेको छैन । तर अब्सेसिभ कम्पल्सिभ डिसअर्डर (ओसीडी), टिनाइटस (कानमा अनौठो आवाज बज्नु), हाइपरक्युसिस (सामान्य आवाज पनि धेरै ठूलो सुन्नु), अटिजम र सेन्सरी प्रोसेसिङ डिसअर्डरबाट प्रभावित व्यक्तिमा यो समस्या देखिन्छ ।

मस्तिष्कमा आवाज पहिचान गर्ने भाग 'अडिटरी कर्टेक्स'मा बाह्य आवाज पास हुँदा असामान्य किसिमको तरंग उत्पन्न भएमा यो समस्या हुनसक्छ ।

मस्तिष्कमा उत्पादन हुने सेरोटोनिन र डोपामाइन जस्ता न्युरोट्रान्समिटरको कमीले पनि मिसोफोनियाका लागि जिम्मेवार हुने केही अध्ययनले देखाएका छन् । मानसिक तनाव, मनोरोग र आघातले पनि कुनै वस्तुको आवाज सुन्न नसक्ने अवस्था हुनसक्छ ।

**लक्षण**

यो समस्याबाट पीडित व्यक्ति आफूलाई अप्रिय लाग्ने आवाजमा आफ्नो रिस आवेगमा पोख्छन् । केही व्यक्ति आवाजलाई सुन्न नसकी कान थुन्दै सो वातावरणबाट बाहिरिन्छन् ।

कतिपयमा यस्तो आवाजले नर्भस बनाउने, शरीर तातो हुने, रक्तचाप बढ्ने, छाती दुखेको जस्तो, शरीरभरि नै एक किसिमको दबाब परेको जस्तो अनुभव गराउन सक्छ ।

यस्ता आवाजबाट बच्नकै लागि उनीहरू एकान्तमा बस्न रुचाउँछन् । किनकि आवाजहरूले उनीहरूको मनमा एक किसिमको डर पैदा गर्छ । यही कारणले उनीहरू कुनै पनि काम राम्रोसँग गर्न पनि नसक्ने हुन्छन् ।

**यो समस्याले बढी कस्ता व्यक्तिलाई प्रभावित पार्छ ?**

यो समस्या जोसुकैलाई जुनसुकै उमेरमा हुनसक्छ । कतिपय अध्ययनले मिसोफोनिया तुलनात्मक रुपमा किशोरावस्थामा बढी हुने देखाएको छ । र, जीवनको कुनै न कुनै उमेरमा पाँचमध्ये एक जनाले यो समस्या भोग्ने गर्छन् ।

मिसोफोनियाले सम्बन्धमा गहिरो असर पार्न सक्छ । बालबालिकामा यसको लक्षण छ भने उनीहरूको स्कुल पर्फमेन्स, अरूसँग गर्ने व्यवहारमा फरक आउँछ । उनीहरू होहल्लामा बस्न नसक्ने हुँदा स्कुल जान पनि मन नगर्न सक्छन् ।

साथीको आवाज सुन्न पनि कठिन हुने र आफ्नो समस्या बताउँदा पनि नबुझ्दा व्यक्तिमा थप तनाव हुन्छ । कहिलेकाहीं त यही कारणले परिवारबाट नै टाढा जान मन हुनेसम्म हुनसक्छ ।

**हाइपरक्युसिससँग मिल्दोजुल्दो**

सानो स्वर सामान्य रूपमा कानले ग्रहण गर्नुको सट्टा असहज रुपमा ग्रहण गर्ने अवस्था हाइपरक्युसिस हो । हाइपरक्युसिस र मिसोफोनियामा दुवै अवस्थामा आवाजले दैनिकी बिगार्छ । यी दुईमा फरक के  छ भने हाइपरक्युसिस भएमा आवाजले गाह्रो पार्ने र कानमा नमिठो दुखाइको अनुभव हुनसक्छ ।

तर मिसोफोनिया आवाजले भावनात्मक रुपमा असर पार्छ । यसले शारीरिक पीडा कम दिन्छ । मानसिक रुपमा विचलित पार्छ ।

**मिसोफोनियाको उपचार**

यो समस्याको यही उपचारले निको पार्न सक्छ भनेर किटान गर्न सकिने अवस्था छैन । अहिले पनि यसको कारण र उपचारमा के प्रभावकारी हुन्छ भनेर खोज जारी छ ।

वर्तमान समयमा यसको उपचार पत्ता नलागे पनि विभिन्न उपचार विधि अपनाएर लक्षण कम गर्ने प्रयास गरिन्छ । जसमा म्यानेजमेन्ट प्रोटोकल, टिनाइटस रिट्रेनिङ थेरापी, कग्नेटिभ थेरापी र मनोपरामर्श पर्छन् ।

म्यानेजमेन्ट प्रोटोकलको सेवामा मिसोफोनियाबाट पीडित व्यक्तिलाई ६ देखि १२ हप्तासम्म विभिन्न आवाजको सम्पर्कमा राखेर परीक्षण गरिन्छ । त्यस्तै, टिनाइटस रिट्रेनिङ थेरापीमा समस्या भएकाका लागि सहज ध्वनिको मात्रा कतिको भनेर पत्ता लगाई बिस्तारै सहज गराउँदै ध्वनि बढाउँदै लैजाने पनि गरिन्छ । यो विधि पनि प्रभावकारी हुनसक्छ ।

हेडफोन प्रयोग गरी मनपर्ने संगीत सुन्ने गरेमा पनि दिमागलाई ट्रिगर पार्ने आवाजबाट बच्न सकिन्छ ।

# ठेक्का तोड्ने चेतावनीपछि काममा फर्कियो निर्माण कम्पनी



नवलपुर (नवलपरासी) । राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको पूर्वपश्चिम राजमार्गको नारायणगढ-बुटवल सडकको ठेक्का तोड्ने सरकारले चेतावनी दिएपछि निर्माण कम्पनी काममा फर्किएको छ । मनसुन सुरु भएपछि सडक विस्तारको काम ठप्प पारेको निर्माण व्यवसायीलाई काममा ढिला गरे ठेक्का तोड्ने भनेर चेतावनी दिइएको सडक विभाग आयोजना निर्देशनालय (एडिबी)का निर्देशक इञ्जिनियर चुडाराज ढकालले जानकारी दिए ।

"निर्माण व्यवसायीले मनसुनका कारण ठेक्कामा घाटा भयो भनेर काममा ढिलासुस्ती गरेको थियो, अगस्त र सेप्टेम्बर महिनामा काम ढिला हुन्छ भनेर भन्दै थियो," उनले भने-"घाटानाफा हामी जान्दैनौँ सम्झौताअनुसार काम हुनुपर्छ, तुरुन्त काम सुरु गर्नु होइन भने हामी ठेक्का तोड्ने प्रक्रियामा जान्छौँ भनेपछि उनीहरु अहिले काममा फर्किएका छन् ।" नारायणगढ-बुटवल सडक विस्तारको जिम्मा पाएको चाइना स्टेट कन्स्ट्रक्सन इञ्जिनियरिङ कर्पोरेसन लिमिटेड चाइनाको सरकारी निर्माण कम्पनी भएकाले काम चाँडो गराउन कूटनीतिक पहल गरिएको उनले बताए ।

"निर्माण व्यवसायी चाइनाको सरकारी कम्पनी हो," उनले भने-"जसरी हुन्छ नारायणगढ बुटवल सडक विस्तारको काम थप भएको समयमा सक्नका लागि हामीले डिप्लोमेटिक पहलसमेत थालेका छौँ ।" निर्माण कम्पनीको दोस्रोपटक थप गरिएको म्याद गत साउन ८ गते सकिएपछि अहिले एक वर्षका लागि तेस्रोपटक म्याद थप गरिएको ढकालले बताए । अहिले थप गरिएको म्याद नै अन्तिम म्याद भएको भन्दै ढकालले थप भएको समयका काम पूरा नगरे ठेक्का तोड्ने प्रक्रियामा जाने जनाए । निर्माण कम्पनीले असार लागेदेखि नै सडक विस्तारको काम स्थगित गरेर खाल्डाखुल्डी पुर्ने र मनसुनका कारण अवरुद्ध हुने सडक खुलाउने काम मात्रै गर्दै आएको थियो । मनसुनका कारण स्थगित भएको सडक कालोपत्र गर्ने काम मौसममा सुधार भएपछि पुनः सुरु गरिएको नारायणगढ-बुटवल सडक योजना पूर्वी खण्ड प्रमुख आशिष थापा मगरले जानकारी दिए । मनसुनअगाडि नै 'सबबेस' र 'बेस'को काम सकिएको ठाउँमा कालोपत्रको काम पुनः सुरु गरिएको उनको भनाइ छ ।

अहिले नारायणगढ-बुटवल सडकको पूर्वी खण्डमा पर्ने गैँडाकोट नगरपालिकाका विभिन्न स्थानमा कालोपत्र गर्ने काम भइरहेको थापा मगरको भनाइ छ । "मनसुन अगाडि सबबेस र बेस निर्माण गरेर राखिएको ठाउँको कालोपत्र गर्ने काम सकेपछि बाँकी रहेका ठाउँमा सबबेस र बेस निर्माण गर्ने निर्माण व्यवसायीको तयारी छ," उनले भने-"अब मनसुनले असर पुर्‍याएन भने काम तीव्र गतिमा हुँदैछ ।" कालोपत्रको कामसँगै सडकका खाल्डाखुल्डी पुर्ने र सडकमा पानी छर्किने कामसमेत भइरहेको उनले बताए । नारायणगढबाट बुटवलसम्म एक सय १४ किलोमिटर रहेको यस खण्डलाई दुई खण्डमा विभाजन गरी ठेक्का लगाइएको थियो । नारायणगढबाट दाउन्नेसम्म ६५ किलोमिटर पूर्वी खण्ड र दाउन्नेबाट बुटवलसम्म ४९ किलोमिटर पश्चिम खण्ड गरी सडक विस्तारको काम भइरहेको छ । ग्लोबल टेन्टरमार्फत दुवै खण्ड निर्माणको ठेक्का चिनियाँ निर्माण कम्पनी चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसन लिमिटेडले हात पारेको थियो । सडक विभाग आयोजना निर्देशनालय (एडीबी)ले जनाएअनुसार असार मसान्तसम्म पूर्वी खण्डमा ५२ दशमलव ५१ प्रतिशत भौतिक र ४६ दशमलव ०२ प्रतिशत वित्तीय प्रगति भएको छ । त्यस अवधिसम्म एक सय ७२ वटा कल्भर्ट निर्माण सम्पन्न, २२ वटा साना पुल निर्माण सम्पन्न भएको निर्देशनालयले जनाएको छ । एकतर्फी हिसाब गर्दा एक सय ३० किलोमिटर कालोपत्र गर्नुपर्ने यस खण्डमा करिब ४५ किलोमिटर कालोपत्र तथा ४० किलोमिटर नाली निर्माणको काम सकिएको निर्देशनालयले निकालेको विज्ञप्तिमा जनाइएको छ । यस खण्ड विस्तारका लागि विसं २०७५ माघमा सम्झौता भएर सोही वर्षको चैत ८ गते प्रधानमन्त्री केपी शर्मा ओलीले यस सडकको बुटवलमा शिलान्यास गरेका थिए । अहिले पुनः प्रधानमन्त्रीका रुपमा केपी ओली आएपछि उनले शिलान्यास गरेको यो सडक विस्तारको काम चाँडो सम्पन्न हुनेमा जिल्लावासी आशावादी छन् ।

# पालुङ मैनादी-रूपन्देही सम्पर्क समाजको तीजमिलन




बुटवल । पाल्पा पालुङ मैनादी-रुपन्देही सम्पर्क समाजले बुटवलमा शनिबार तीजमिलन तथा दरखाने कार्यक्रम सम्पन्न गरेको छ। समाजका अध्यक्ष पदम नेपालको अध्यक्षतामा भएको कार्यक्रममा समाजसेवी मधुकला कुँवरको प्रमुख आतिथ्यतामा भएको थियो ।

कार्यक्रममा बोल्दै कुँवरले तीज पर्व महिला दिदीबहिनीहरुको वेदना पोख्ने थलो भएकोले यसलाई समय अनुसार परिवर्तित गर्दै मौलिक संस्कृतिको जगेर्ना गनुपर्ने बताइन् । उनले तीजका नाममा महिनौसम्म दरखाएर फजुल खर्च गर्ने प्रचलन बढेकोले यसलाई सबैले रोक्नुपर्ने बताइन् ।

कार्यक्रममा समाजका निवर्तमान अध्यक्ष अशोक कुँवरले समाजको पृष्ठभूमिका बारेमा प्रकाश पार्दै शुभकामना व्यक्त गरेका थिए । त्यस्तैगरी समाजका सल्लाहकार रणबहादुर कुँवरले आपसी सद्भाव र एकताबद्ध हुनका लागि सम्पर्क समाज आवश्यक भएकोले आगामी दिन समाज द्रुतगतिमा अघि बढ्नेमा आफु विस्वस्त रहेको बताए ।

कार्यक्रममा पश्चिम नवलपरासीका सहायक प्रमुख जिल्ला अधिकारी धुव्र कुँवरको विशिष्ट आतिथ्यता रहेको थियो। त्यस्तैगरी समाजले ज्येष्ठ नागरिक सम्मानस्वरुप समाजका अग्रज तथा समाजसेवी विभिषण कुँवर र रघुनाथ नेपाललाई सम्मान गरेको छ । समाजका वरिष्ठ उपाध्यक्ष मिनप्रसाद नेपाल(बिमल) को स्वागत मन्तव्यमा कार्यक्रमको सञ्चालन सचिव शंकर विकेले गरेका थिए ।

साथै तीजमिलन कार्यक्रममा आर्थिक सहयोग गर्ने महानुभावहरुलाई सम्मान समेत गरिएको थियो । कार्यक्रममा स्थानीय कलाकारका साथै उपस्थित दिदीवहिनीहरु तीजका मौलिक गीतमा छमछमी नाचेर मनोरञ्जन प्राप्त गरेका थिए । कार्यक्रममा समाजका सल्लाहकार कमल नेपाल, कृष्णबहादुर कुँवर, विष्णु आचार्यलगायतको सहभागिता रहेको थियो ।

# ढोरपाटन सिकार आरक्षको करिब दुई सय हेक्टर जमिन अतिक्रमण




ढोरपाटन । पूर्वी रुकुम, बागलुङ र म्याग्दी जिल्लामा फैलिएको ढोरपाटन सिकार आरक्षको करिब दुई सय हेक्टर सार्वजनिक जमिन अतिक्रमण भएको छ ।

एक हजार तीन सय २५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको ढोरपाटन सिकार आरक्षको ६० प्रतिशत पूर्वी रुकुम, २६ प्रतिशत बागलुङ र १४ प्रतिशत भूगोल म्याग्दीमा पर्छ । आरक्षको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदनमा एक सय ८५ हेक्टर जमिन अतिक्रमण भएको उल्लेख छ । जग्गाधनी पुर्जा भएकै घरछेउमा जग्गा अतिक्रमण गरेर आफ्नो कम्पाउन्डमा भित्र्याउने क्रम बढेको हो । आरक्षको जग्गा बर्सेनि अतिक्रमित भए पनि सरोकारवाला निकायबाट यसलाई रोक्ने प्रयास भएको छैन । आरक्षका संरक्षण अधिकृत मण्डिप पँगेनीले ३४ स्थानमा तीन सय ११ घरधुरीले एक सय ८५ हेक्टर क्षेत्रफल जमिन अतिक्रमण गरेका बताए ।

"सिकार आरक्षमा अतिक्रण मुख्य चुनौती बनेको छ," उनले भने-"अतिक्रमण पहिचान गरी खाली गराउन नेपाल सरकारका विभिन्न निकाय र सरोकारवालहरुसँग पहल गरेका छौँ ।" वन तथा खर्क क्षेत्रमा बसोबास र खेतीपातीका लागि अतिक्रमण भएको छ । रुकुमको रन्मा, मैकोट, हुकाम, तकसेरा र कात्री, म्याग्दीको जलजला र गुर्जाघाट तथा बागलुङको छेन्तुङ, स्यालपाखे, नवीलगायत गाउँमा पनि अतिक्रमण छ । अतिक्रमणमा परेको केही जमिनमा खेती लगाइएको छभने केही जमिन कम्पाउन्ड घेरेर मात्रै राखेका छन् ।

आरक्षको तथ्याङ्कमा विसं २०४७ देखि सामान्य अतिक्रमण सुरु भएको देखिन्छ । सशस्त्र द्वन्द्वको समयमा यो क्रम बढेको हो । सरकारले विसं २०३९ सालमा सिकार आरक्ष स्थापना गरेको थियो । अतिक्रमणसँगै संरक्षण अभावमा ढोरपाटनको रुद्रताललगायत केही संरचना लोप हुने अवस्थामा छन् । रासस

# 'संस्कारले सभ्य समाज बन्छ'




देवदह। संस्कार विना सभ्य समाज निर्माण गर्न नसकिने देवदह नगरपालिका प्रमुख ध्रुवप्रसाद खरेलले बताएका छन् ।

ब्राह्मण समाज नेपाल देवदह ९, को प्रथम साधारणमा बोल्दै उनले उक्त कुरा बताएका हुन् । नगर प्रमुख खरेलले संस्कार विनासको शिक्षाको कुनै अर्थ नहुने बताउँदै अवका दिनमा संस्कारसहितको शिक्षा आवश्यक रहेको औंल्याए । उनले पछिल्लो समय संस्कार, संस्कृति लोप हुने अवस्थामा पुगेको बताउँदै संस्कार, संस्कृतिको संरक्षणको लागि एकताबद्ध भएर लाग्नु पर्नेमा जोड दिए ।

उनले धर्मको माध्यमबाट सभ्य समाज निर्माणतर्फ लाग्नु पर्नेमा जोड दिए । उनले जातीय आधारमा नभई वर्गीय आधारमा आरक्षणको व्यवस्था गर्नुपर्नेमा जोड दिए । उनले पछिल्लो समय समाजमा विकृति बढिरहेको बताउँदै त्यसलाई रोक्नको लागि सबैले आ-आफ्नो ठाउँमा पहल गर्नुपर्नेमा जोड दिए ।

ब्राह्मण समाज नेपाल देवदह ९, का अध्यक्ष अनन्तराम भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा कामधेनु गौशाला भलुहीका संरक्षक सोमराज महाराज, ब्राह्मण समाज नेपाल रुपन्देहीका सचिव दिवाकर अधिकारी, जिल्ला सदस्य कमलकान्त पौडेल, ब्राह्मण समाज नेपाल देवदहका अध्यक्ष विष्णुप्रसाद अर्याल, समाजसेवी विष्णु भट्टराई, भोजराज खरेललगायतले बोल्दै अधिकार प्राप्तीको एकताबद्ध भएर लाग्नु पर्नेमा जोड दिएका थिए । कार्यक्रममा अध्यक्ष भण्डारीले आर्थिक वर्ष २०८०।०८१ को प्रगति प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । ब्राह्मण समाज नेपाल देवदह ९, का सचिव चोलाकान्त शर्माको स्वागत र जगन्नाथ अधिकारीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# परसपुर-गौघाट सडक कालोपत्र : दुई वर्षमा २० प्रतिशत काम



खजुरा (बाँके) । परसपुर-गौघाट सडक खण्डको कालोपत्र निर्धारित समयमा अझैँ सम्पन्न भएको छैन । मुख्यतः बाँके र बर्दिया जिल्लाको जनताले सो सडकबाट आवतजावत गर्दछ । यही भदौ २५ गते सडक निर्माणको सम्झौता सकिँदैछ । तर काम भने करिब २० प्रतिशत मात्र भएको छ । सङ्घीय सरकारको लगानीमा बन्न लागेको नेपालगञ्जको परसपुरदेखि गौघाटसम्म १४ किलोमिटर सडक कालोपत्र गर्नको लागि करिब रु १४ करोडमा निर्माण कम्पनीसँग सम्झौता गरिएको थियो । समयमा कालेपत्रको काम नहुँदा यहाँका स्थानीयले थप दुःख पाइरहेका छन् ।

नेपालगञ्ज उप-महानगरपालिका सहित जानकी, खजुरा र बर्दिया बढैयाताल गाउँपालिकाका जनताले दैनिक प्रयोग गर्ने परसपुर-गौघाट सडक खण्ड हो । सडक डिभिजन कार्यालय नेपालगञ्जका प्रवक्ता इञ्जिनियर अमिर सुवेदीका अनुसार हाल उक्त योजनाको २० प्रतिसतमात्र काम सकिएको छ ।

सडकको केही भागमा नालाको काम र माटो पटानभन्दा अरू केही प्रगति भएको छ । निर्माण कार्यको गतिलाई बढाउन ठेकेदार कम्पनीलाई पटक-पटक ताकेता गरेपनि सम्पर्कमै नआउने गरेको उनले बताए ।

उनले भने-'हामीले समयमै योजना सम्पन्न गर्नको लागि ठेकेदार कम्पनीलाई दबाब दिँदै आएका छौँ । कानुनी रूपमा कारबाहीको लागि प्रक्रिया पनि अगाडी बढाएका छौँ । तर प्रगति भने निराशाजनक छ ।'

सम्झौताअनुसार निर्माण कम्पनीले २०७९ बैशाखदेखि निर्माण सुरु गरेर २०८१ भदौ २५ सम्म योजना सम्पन्न गर्नुपर्ने सर्त रहेको छ । परसपुर-गौघाट सडक खण्ड निर्माण ढिलासुस्ती भएको भन्दै यहाँका स्थानीयले आन्दोलन समेत गरेका थिए । खजुराका जनताले स्थानीय जनप्रतिनिधि र सडक डिभिजन कार्यालयमा गएर सडक निर्माण कार्यलाई छिटो सम्पन्न गर्नु पर्ने दबाब दिँदै आएका छन् । २०७४ सालमा सडकको कालोपत्रे निकालेर पिच गर्ने योजना अगाडी सारिएको थियो । तर हाल सम्म पनि उक्त सडकको स्तर वृद्धि हुन सकेको छैन । यसका कारण स्थानीले समस्या भोग्दै आउनु परेको छ । रासस

## ह्वीलचेयरबाट...

'शरीरले होइन, दिमाग र भिजनले सबै लिड गर्ने हो'-धिरज भन्छन्-'अपांगता हुंदैमा कसैले पनि हिनतावोध र आफूलाई कमजोर ठान्नुहुन्न, मनमा दृढ संकल्प गर्ने हो भने सबलांगले जस्तै जुनसुकै क्षेत्रमा काम गर्न सकिन्छ ।'

धिरजले भविष्यमा चुनढुंगा खानी र सिमेन्ट उत्पादन गर्ने उद्योग सञ्चालनको तयारी गरेका छन् । 'निकट भविष्यमै आफ्नौ ब्राण्डको छड, त्यसपछि सिमेन्ट उत्पादन गर्ने लक्ष्य छ'-धिरजले आगामी योजना सुनाए ।

सरकारले स्वदेशी उद्योगलाई संरक्षण र प्रवर्द्धन गर्ने नीति र कानून बनाई कार्यान्वयन गर्ने हो भने देशलाई हरेक क्षेत्रमा आत्मनिर्भर र निर्यात गर्न सकिने धिरजको आत्मविश्वास छ । 'सरकारका भन्सार नीतिहरु अझै स्वदेशी उद्योगलाई प्रवर्द्धन गर्ने खालका हुन सकेका छैनन्, कच्चा पदार्थ आयातमा लाग्ने भन्सार र अन्तशुल्कले डण्डी उद्योगहरु संकटमा छन्, अर्बौं लगानी भएका १० वटा उद्योग बन्द हुने अवस्थामा पुगेका छन्, यसतर्फ सरकारको ध्यान जानुपर्छ'-धिरजले भने । बुबा समेत अपांगता रहेका धिरजका एक मात्र भाइ अभिशेक र आमाले समेत धिरजलाई अघि बढ्न साथ दिएका छन् । 'म शारीरिकरुपमा अशक्त भएपनि आमा,बुबा र भाइको साथ र हौसलाले कोरोना माहामारीको विश्वव्यापी असर वाहेक अरु हिसाबले दुई वटै उद्योग र दुई वटा कम्पनीमा पछाडि फर्केर हेर्नुपरेको छैन, मेरो यात्रा निरन्तर अगाडि बढेको छ ।'

## अस्पताल...

लुम्बिनी प्रदेशसभाका सभामुख तुलाराम घर्तीले नयाँ बन्ने अस्पतालको अवनले आधुनिक अस्पतालको आवश्यकतालाई पूरा गर्ने बताए । यो प्रदेशकै गौरवको आयोजना भएकाले प्रदेश सरकारले यसको सही व्यवस्थापन गर्ने सभामुख घर्तीको भनाई छ ।

लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री खेम सारुले अस्पतालको हालको अवस्थाबारे जानकारी गराउँदै स्तरोन्नतीपछि यो नमूना अस्पताल बन्ने बताए ।

बुटवलका मेयर खेलराज पाण्डेयले बुटवलमा रहेका प्रदेश सरकार अन्तर्गतका निर्देशनालय र अन्य कार्यालयहरु प्रदेश सरकारले जबरजस्ती दाङ सार्न खोजेको भन्दै यसलाई रोक्न माग गरे । कम्तीमा ३० प्रतिशत निर्देशनालयहरु बुटवलमै राखिनुपर्ने रुपन्देहीवासीको माग रहेको उनले बताए । ज्योतिनगर र लक्ष्मीनगर पहिरो रोकथामका लागि प्रदेश सरकारले एक रुपैयां वजेट नदिएको पनि उनले गुनासो गरे । अस्पताल भवन निर्माणको लागि प्रदेश पूर्वाधार विकास प्राधिकरणले ६ अर्ब १८ करोड ७५ लाख रुपैयाँको लागतमा ठेक्का सम्झौता गरेको छ । भारतीय निर्माण कम्पनी क्याप साइटले नेपाली दुई कम्पनी आशिष-रेलिगेर सँग संयुक्त रूपमा काम गर्ने गरी २०८० पुस २६ गते सम्झौता गरेको थियो । सम्झौता अनुसार २०८५ साल पुससम्म अस्पतालको भवन निर्माण सक्नुपर्ने प्रदेश पूर्वाधार विकास प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत छविराज पोख्रेलले जानकारी दिए ।

भवन निर्माणका लागि जग खन्न ७० प्रतिशत बढी पाइलिङ (जमिनमा मेशिनले प्वाल पारेर पिल्लर गाड्ने काम) सम्पन्न भइसकेको छ । हाल ६५ जना कामदारबाट कम्तिमा दैनिक १० घण्टाका दरले काम भैरहेको छ ।

लुम्बिनी प्रदेशका संस्थापक मुख्यमन्त्री शंकर पोखरेलको पालामा बुटवलको लुम्बिनी प्रादेशिक अस्पताल र तुलसीपुरको राप्ती प्रादेशिक अस्पताललाई विशेषज्ञ सेवा उपलब्ध गराउने गरी 'ड्रिम प्रोजेक्ट'को रुपमा अघि बढाइएको थियो ।

तर ठेक्का प्रक्रिया विवादास्पद भएपछि दुईपटक रद्द गरिएको थियो । भवन निर्माण मापदण्डको 'स्पेसिफिकेसन'मै आशंका भएपछि दुवै टेन्डर रद्द गरिएको थियो । तेस्रोपल्टमा आव्हान भएको टेण्डर स्विकृत भई गत पुस २६ गते भएको ठेक्का सम्झौता भएको थियो ।

प्रदेश सरकारअन्तर्गतको पूर्वाधार विकास प्राधिकरणले तयार गरेको गुरुयोजना अनुसार अस्पतालको मुख्य भवन १० तलाको हुनेछ । पाँच तलाको क्यान्सर उपचारको छुट्टै भवन हुनेछ । १० तलाको भवनमा दुई तला अन्डरग्राउन्ड पार्किङ हुनेछ भने पाँच तलाको भवनमा एक तला अन्डरग्राउण्ड पार्किङ हुनेछ ।

दुई भवन र त्यसका उपकरण, आन्तरिक व्यवस्थापनमा सरकारले ८ अर्ब ९९ करोड ७५ लाख ६४ हजार १ सय ९९ रुपैयाँ लागत अनुमान गरेको छ । त्यसमा एक भारतीयसहित दुई नेपाली कम्पनीसँग संयुक्त रूपमा ५ वर्षभित्र काम सक्ने गरी ६ अर्ब १८ करोड रुपैयाँमा सम्झौता भएको छ ।

गत पुस २६ गते भएको ठेक्का सम्झौता अनुसार २०८५ साल पुससम्म अस्पतालको भवन निर्माण सक्नुपर्नेछ । सरकारले चालु आर्थिक वर्षमा भवन निर्माणका लागि १ अर्ब ८० करोड रुपैयाँ विनियोजन गरेको छ ।

१२ सय शैयाको अस्पताल सञ्चालनमा आएपछि यसले लुम्बिनी प्रदेशका १२ वटै जिल्लाका नागरिकलाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा दिन सक्ने छ । नयां अस्पताल भवनले विरामीलाई उपचारमा सहजतासंगै खस्केको बुटवलको ब्यापार व्यवसायलाई समेत राहत दिने छ ।

प्रदेशको स्थायी राजधानी दाङ कायम भएपछि खस्केको बुटवलको व्यवसाय दीगोरुपमा चलायमान र गुल्जार बनाउन यो अस्पताल 'गेमचेन्जर' प्रोजेक्ट हुने विश्वास बुटवलवासीले गरेका छन् । 'बुटवलको गेमचेन्जर लाइफलाइन भनेकै बुटवलमा बन्ने १२ सय शैयाको अस्पताल हो,यसले विरामीको उपचार मात्रै गर्ने छैन, खस्केको बुटवलको ब्यापार व्यवसायलाई बचाउन समेत योगदान गर्नेछ'-बुटवल उद्योग बाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्यालले भने ।

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।
लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**फुटबल प्रतियोगिताः**
गुल्मीको सदरमुकाम तम्घासमा शनिबार सञ्चालन भएको माध्यमिक विद्यालयस्तरीय छात्रा फुटबल प्रतियोगितामा प्रतिस्पर्धा गर्दै खेलाडी । तस्विर : जनार्दन घिमिरे ।

# लुम्बिनी विकास कोषको परिषद् बैठकमा नीति कार्यक्रम र बजेट पेश




बुटवल । लुम्बिनी विकास कोषको आर्थिक वर्ष २०८१/०८२ का लागि नीति कार्यक्रम तथा अनुमानित बजेट परिषद्मा पेश भएको छ । शनिबार बुद्धजन्मस्थल लुम्बिनीमा संस्कृति पर्यटन तथा नागरिक उडड्यन मन्त्री एव्म लुम्बिनी विकास कोषका अध्यक्ष बद्रीप्रसाद पाण्डेको अध्यक्षतामा बसेको परिषद बैठकमा कार्यक्रम र बजेट पेश गरिएको हो । कोषका कोषाध्यक्ष ढुण्डिराज भट्टराईले आन्तरिकतर्फ ३७ करोड ११ लाख र नेपाल सरकारको गुरुयोजनाको बहुवर्षीय कार्यक्रमका लागि ४४ करोड गरी ७६ करोड ९८ लाखको अनुमानित बजेट परिषद्मा पेश गरेका छन् ।

यस्तै सदस्य सचिव सानुराजा शाक्यले दोस्रो गौतमबुद्ध अन्तर्राष्ट्रिय शान्ति पुरस्कार वितरणको प्रकृया अगाडि बढाउने, लुम्बिनी वर्ल्ड हेरिटेज कन्फ्रेन्स गर्न सरकार समक्ष अनुरोध गर्नेलगायतका कार्यक्रमसहितको नीति कार्यक्रम पेश गरेका छन् । परिषद्मा पेश भएका नीति कार्यक्रम र बजेटमाथि ब्यापक छलफल गरी लुम्बिनीको प्रवर्द्धन, विकास, स्थानीय समुदायसँग जोड्ने र लुम्बिनी विश्व सम्पदाका रुपमा स्थापित गर्ने गरी अर्को बैठकले पारित गर्ने गरी सकिएको कोषले जनाएको छ । कोषका अध्यक्ष समेत रहेका मन्त्री पाण्डेले लुम्बिनी विश्वमै नेपाल चिनाउने सम्पदा भएकाले यसको महत्वलाई अझ अन्तर्राष्ट्रियकरण गर्ने गरी स्पष्ट योजना देखिने गरी अर्को परिषद बैठक मार्फत पारित गर्ने बताए ।

बैठकमा कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामाले आफू लुम्बिनी बनाउने दृढ संकल्पका साथ जिम्मेवारी निर्वाह गरेको बताउँदै आम्दानी निकै थोरै भएकाले चाहेर पनि धेरै कामहरु गर्न नसकिएको बताए । उनले आगामि दिनमा रचनात्मक कामका साथ बुद्धजन्मस्थल लुम्बिनीको विकासमा मन्त्रालयसँग समन्वय गरेर अगाडि बढ्ने बताए । बैठकमा मन्त्रालयका सचिव डा. गणेश प्रसाद पाण्डे, लुम्बिनी साँस्कृतिक नगरपालिकाका नगरप्रमुख सजरुद्धिन खाँन, उपप्रमुख कल्पना हरिजन आमन्त्रित सदस्यका रुपमा तथा कोषका योजना प्रमुख स्मिता भट्ट, बोर्ड सदस्य, परिषद सदस्यहरुको उपस्थिती थियो ।

**पर्यटनमन्त्रीले पाण्डेले गरे मायादेवी भ्रमण**

परिषद् बैठकपछि शनिबार दिउँसो संस्कृति पर्यटन तथा नागरिक उडड्यन मन्त्री एवम् लुम्बिनी विकास कोषका अध्यक्ष बद्रीप्रसाद पाण्डेले बुद्धजन्मस्थल लुम्बिनी भ्रमण गरेका छन् । पर्यटन मन्त्री भएपछि पहिलो पटक लुम्बिनी आएका मन्त्री पाण्डेयले मायादेवी मन्दिर, मार्कर स्टोन, अशोक स्तम्भ, पुष्पकरणी पोखरीसँगै शान्ति दीप, थाई विहार, जर्मन मन्दिरको समेत भ्रमण गरे । भ्रमणका क्रममा मन्त्री पाण्डेयले पुरातात्विक महत्व, धार्मिक पक्ष तथा सम्पदा संरक्षका विषयमा चासो राखेका थिए । उक्त अवसरमा उपाध्यक्ष डा. लामाले लुम्बिनीको पछिल्ला दिनमा भएका कामलगायतका विषयमा जानकारी गराए भने कोषका वरिष्ठ निर्देशक ज्ञानिन राईले बुद्धजन्मस्थलका पुरातात्विक महत्व, लुम्बिनी गुरुयोजनालगायतका विषयमा जानकारी दिए ।

भ्रमणपछि सञ्चारकर्मीहरुसँग बोल्दै मन्त्री पाण्डेले विश्वभरका मानवलाई सतमार्ग र सदचारमा हिडाउने गौतमबुद्धको भूमिका टेक्न पाउदा निकै उत्प्रेरित बनेको बताए । उनले बुद्धभूमिबाट शान्ति र सहकार्यको सन्देश फैलाउने गरी काम गर्नुपर्ने जनाए । मन्त्री पाण्डेले लुम्बिनीबाट विश्वमा बुद्धको सत्मार्ग र सदाचारको सन्देश दिनुपर्ने बताउँदै यसका लागि लुम्बिनी विकास कोषसँगै समुदाय, पर्यटन व्यवसायी र लुम्बिनीमा रहेका गुम्बा विहारहरुका बिच एकता आवश्यक रहेको बताए ।

उनले परिषद् बैठकका सन्दर्भममा स्थानीयहरुका माग र गुनासाहरुको समेत सुनुवाई गरेको बताउँदै अब सबै पक्ष मिलेर पृथ्वीको एउटा कुनाबाट बुद्धको सन्देश फैलाउनुपर्नेमा जोड दिए । 'लुम्बिनी संस्कृतिको प्रतिक हो, सगरमाथा प्रकृतिको शिखर हो,' मन्त्री पाण्डेयले भने -'मन्त्रालयले यी दुवैलाई जोडेर काम गर्ने योजना अघि सार्नेछ ।'

उनले साँस्कृतिक दृष्टिले उत्कृष्ट स्थल लुम्बिनी र प्रकृतीले सर्वोच्च शिखर सगरमाथालाई जोड्ेर पर्यटक आकर्षित गर्न सकिने बताए । मन्त्री पाण्डेले दीप प्रज्ज्वलन समेत गरे । भ्रमणका क्रममा मन्त्रालयका सचिवसहित कोषका पदाधिकारी, बोर्ड सदस्यहरुको उपस्थिति रहेको थियो ।

# भीआइपी आएकै बेला तीन ट्रक अवैध चिनी पक्राउ



भैरहवा । रुपन्देहीमा एक सातमै तीन ट्रक अवैध चिनी बरामद भएको छ । जिल्लामा भिआइपी मुभमेन्ट भएकै बेला भन्सार कार्यालयबाट खटिएको टोलीले ती सामान नियन्त्रणमा लिएका हुन् ।

गत शनिबार सशस्त्र प्रहरी महानिरीक्षक (आइजीपी) राजु अर्यालसहितको टोली रुपन्देही भएकै बेला लुम्बिनी रोड प्रकटेश्वर मन्दिर जाने बाटोबाट ट्रकसहित करिब २१० बोरा अवैध चिनी बरामद भएको थियो । ग २ ख १२९० नम्बरको ट्रकमा लोड भएको अवस्थामा उक्त चिनी बरामद गरिए पनि चालक फरार भएका थिए ।

बुधबार नेपाल प्रहरीका प्रमुख प्रहरी महानिरीक्षक (आइजीपी) बसन्तबहादुर कुँवरको भ्रमणको बेला पनि लुम्बिनी रोडअन्तर्गतकै बेथरीबाट भन्सार छली नेपाल भित्रिएको २ सय १० बोरा चिनी ट्रकमा लोड रहेको अवस्थामा चालकसहित नियन्त्रणमा आयो । लु २ ख २८३६ नम्बरको ट्रकमा उक्त परिमाणको अवैध चिनी ट्रक चालक मायादेवी गाउँपालिका २ तुलसीपुरका शिवकुमार यादवललाई नियन्त्रणमा लिइयो । चामल लोड गरेको बताउने चालकले सामान चेक जाँच गर्दा नेपाली बोरामा चिनी रहेको थियो ।

यस्तै शनिबार बिहान २१० बोरा चिनी अवैध चिनी ट्रकसहित बरामद भएको छ । अहिले उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेल, संस्कृति पर्यटन तथा नागरिक उडड्यन मन्त्री बद्रीप्रसाद पाण्डे रुपन्देहीमा छन् । बिहानको २ बजेको समयमा विशेष सूचनाको आधारमा भन्सार प्रमुखसहितको गस्ती टोलीले लुम्बिनी साँस्कृतिक नगरपालिका १० मधुवनीबाट सो सामान बरामद भएको हो । बरामद सामान लैजादै गरेको अवस्थामा लुम्बिनी रोड अन्तर्गत पर्ने सो क्षेत्रबाट सशस्त्र प्रहरी बल डण्डाको सुरक्षामा नियन्त्रणमा लिएको हो ।

भैरहवा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत नारद गौतमका अनुसार लु २ ख ५३०५ नम्बरको ट्रकबाट नेपाली बोरामा लोड गरिएको अवस्थामा ७ लाख ८७ हजार ५ सय मूल्य बराबरको चिनी र ट्रक को १६ लाख मूल्याङ्कन गरी २३ लाख ८७ हजार ५ सयर मूल्य बराबरको सामान नियन्त्रणमा लिएको बताए ।

एक साताभित्रै बरामद भएको तिनवटै ट्रकसहितको चिनी उही प्रकृतिको ट्रकमा लोड गरेको अवस्थामा बरामद भएको छ । ट्रकको क्षमता १० टन भएकोले २१० बोरा चिनी लोड भएकै अवस्थामा बरामद भएका छन् ।

स्रोतका अनुसार सिमा क्षेत्रबाट चिनी मोटरसाइकलमा ल्याई डम्पिङ गरी बाहिरी जिल्लामा पठाइने गरिन्छ । यसअघि बरामद चिनी पनि पोखरा लैजाने क्रममा नियन्त्रणमा लिइएको थियो ।

यसरी भिआइपी मुभमेन्ट भएकै बेला सुरक्षा निकायको ध्यान एकातर्फ हुँदा तस्करहरुले मौकाको फाइदा उठाउँदै आएको त हैनन् ? कि यो संयोग हो ।




आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधैं हामीलाई सम्झनुहोस्
सम्पर्कः
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com